नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगञ्ज

## जिल्ला प्रशासन कार्यालय, बाँकेको अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०२।२८ गतेको निर्णय एवम् गृह मन्त्रालयको च.नं. ४१६० मिति २०७७।०२।३० को परिपत्र कार्यान्वयनलाई थप प्रभावकारी बनाउन र कोभिड १९ संक्रमणको जोखिमलाई न्यून गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार बाँके जिल्लामा देहाय बमोजिम गर्न गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ :

क) घर बाहिर निस्किदा, पसल, व्यवसाय र कार्यालयहरूमा अनिवार्य रुपमा निम्न बमोजिमका स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने :-

- कम्तिमा दुई मिटरको सामाजिक दुरी कायम गर्ने, सोका लागि आवश्यक व्यवस्थापन गर्ने ।
- अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।
- साबुन पानीले हात धुने व्यवस्था गर्ने वा स्यानिटाइजरको प्रयोग गर्ने।

ख) मोटरसाइकलमा चालक मात्र रहने गरी र अन्य निजी सवारी साधनमा चालक बाहेक थप २ जना मात्र सवार हुने।

ग) निजी सवारी साधन (मोटरसाइकल समेत) प्रयोग गर्दा अनिवार्य रुपमा जोर बिजोर प्रणालीमा सञ्चालन गर्ने (जोर गतेको दिनमा जोर नम्बर र बिजोर गतेको दिनमा बिजोर नम्बरको निजी सवारी साधन)

घ) अत्यावश्यक काम बाहेक अटो रिक्साको प्रयोग नगर्ने।

***बन्दाबन्दी (लकडाउन) केही खुकुलो भएपनि कोरोना भाईरसको जोखिम कम भईसकेको छैन तसर्थ अत्यावश्यक काम नपरी घर बाहिर ननिस्कौं, भिंडभाडमा नजाऔं। घर बाहिर निस्किदा अनिवार्य रुपमा स्वास्थ्य सावधानी अपनाऔं।***

२०७७।०३।०२

दीर्घराज उपाध्याय
सहायक प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner